बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

## मानव अधिकार मञ्च नेपाल, इलामद्वारा उत्पादित रेडियो कार्यक्रम

# शान्तिका लागि हाम्रो अभियान

**कार्यक्रममा बजाइने सामाग्रीहरु**

- गतिविधिहरु
- रेडियो रिर्पोट
- अर्न्तवार्ता
- रेडियो नाटक लगायत



कार्यक्रम प्रस्तोताहरु : मनकुमार बराईली र सुम्निमा राना

**इलाम एफ.एम., इलाम**
सोमबार
बेलुकी ६:३० बजे

**रेडियो नेपालवाणी, इलाम**
आइतवार
बेलुकी ६:३० बजे

**ताप्लेजुङ्ग एफ.एम., ताप्लेजुङ्ग**
बिहीबार
बिहान ७:३० बजे

**सिंहलिला एफ.एम., पाँचथर**
शुक्रबार
बिहान ७:३० बजे

**ग्लोबल एफ.एम., झापा**
बुधबार
बेलुकी ६:३० बजे

**रेडियो मेन्छायम, तेह्रथुम**
शनिबार
बेलुकी ५:४५ बजे

**रेडियो मकालु, धनकुटा**
मंगलबार
बेलुकी ५:३० बजे

**खाँदबारी एफ. एम., संखुवासभा**
आइतबार
बेलुकी ७:०० बजे

बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

## मानव अधिकार मञ्च नेपाल, इलामद्वारा प्रकाशित बुलेटिन

# बाल आवाज

बर्ष - १ अंक - ३ मे-सेप्टेम्बर, २०१५



अर्न्तवार्ता :

## सबै तह र तप्काबाट कर्तव्यनिष्ठ भएर लागौं

पूर्णबहादुर दर्जी : जिल्ला शिक्षा अधिकारी, ताप्लेजुङ्ग



## बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना संचालनका लागि जिल्ला स्तरमा समन्वय गरिएका संस्थाहरु

ताप्लेजुङ : वातावरण संरक्षण तथा विकास मञ्च

पाँचथर : मानवअधिकार चेतना र विकास मञ्च

झापा : महिला जनचेतना केन्द्र

तेह्रथुम : देउराली सोसाईटी

धनकुटा : सामुदायिक विकास केन्द्र

संखुवासभा : समाज स्पर्श समिति

# बाल अधिकारका ४ पक्षहरु

### बाल बचावट

जन्मेपछि परिचय, गास, बास, कपास, स्वच्छ पिउने पानी, आधारभूत स्वस्थ्योपचार लगायत ।

### बाल संरक्षण

हेला, उत्पीडन, शोषण, दुर्व्यवहार, हानिकार काम, युद्धमा लगाउने कुराबाट सुरक्षित हुने । अनाथ, अपाङ्ग बालबालिकाका विशेष संरक्षण लगायत ।




### बाल विकास

स्वच्छ वातावरणमा शिक्षा, मनोरञ्जन, खेल, रचनात्मक कार्य, विना भेदभाव सहयोग पाउने, जानकारी राख्ने लगायतका स्व-विकासका अधिकारहरु ।

### बाल सहभागिता

आफ्ना कुरा सम्बन्धित ठाउँमा राख्न, बाल हकहित र विकासका लागि कार्य क्रममा भाग लिन, बाल संगठनहरु खोल्न र संगठित हुन पाउनु लगायत ।



आवरण :

## मानव अधिकार र बाल अधिकार

शिखरनाथ सापकोटा

पृष्ठ ६-८



### यस भित्रका अन्य सामाग्रीहरू :


- बालबालिकामा अझै द्वन्द्वको घाउ पृष्ठ ९-१०
- बद्लियो सोच, बदलिँदैछ विद्यालय पृष्ठ ११-१२
- बर्खान्तको ऋण तिर्दै बालक पृष्ठ १३
- म अभियन्ता बनें पृष्ठ १४-१५
- परियोजना अर्न्तगतका गतिविधिहरु पृष्ठ १६-१९
- बाल अधिकारको यात्रा र मानव अधिकार मञ्च पृष्ठ २०
- विभिन्न साहित्यिक रचनाहरु


अर्न्तवार्ता :

## सबै तह र तप्काबाट कर्तव्यनिष्ठ भएर लागौं

पुर्णबहादुर दर्जी, जि.शि.अ. ताप्लेजुङ्ग, पृष्ठ ३-५


बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

**मानवअधिकार मञ्च नेपाल, इलामद्वारा प्रकाशित बुलेटिन**

afn cfjfh

बर्ष - १ अंक - ३ मे-सेप्टेम्बर, २०१५

**प्रकाशक**

मानव अधिकार मञ्च नेपाल, इलाम

**सहयोग**

**प्रधान-सम्पादक:** नवराज शंकर (९८५२६८१८५०)

**कार्यकारी सम्पादक:** ठाकुर श्रेष्ठ (९८५२६८०१०८)

**सम्पादन सहयोगीहरू:** रुद्र थेवे (इलाम), चन्द्र कालिकोटे (ताप्लेजुङ्ग), मणीकुमार लिम्बु (झापा), अर्पण मगर (पाँचथर), सावित्रा राई (धनकुटा), विन्दादेवी उप्रेती (तेह्रथुम), कालीबहादुर लिम्बु (संखुवासभा), मनकुमार बराइली (इलाम)

**कम्प्यूटर डिजाइन:** भक्त थामी (९८४२६३५८०५)

**मुद्रक:** आर. एस. पेपर प्रोडक्स, काठमाण्डौं

# सम्पादकीय

मानव अधिकार मञ्च नेपाल, इलामले आफ्नो स्थापनाकालदेखि नै बालअधिकारको क्षेत्रमा बिशेष अभियान सञ्चालन गर्दै बालअधिकारको संरक्षणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। इलाम जिल्लामा बालबालिकासँग सम्बन्धित काम संस्थाले आफ्नो स्थापना भएसँगै (१७ बर्षअघिदेखि) गर्दै आइरहेको छ। संस्थाले शुरुवाती बर्षहरुमा जिल्लाका विभिन्न विद्यालयहरुमा बालक्लब गठन गर्ने, संरक्षक शिक्षकको चयन गर्ने, उनीहरुलाई/उनीहरु मार्फत् विभिन्न तालिम, अभियानहरु सञ्चालन गरेको थियो। संस्थाले त्यसताका अभियानका रुपमा अघि बढाएका कतिपय सवालहरु आजसम्म आइपुग्दा राज्यको नीतिको रुपमा कार्यान्वयन समेत भएको अवस्था छ, यो ठूलो सफलता हो।

संस्थाले शुरुवाती बर्षहरुमा जिल्लाका विभिन्न विद्यालयहरुमा बालक्लब गठन गर्ने, संरक्षक शिक्षकको चयन गर्ने, उनीहरुलाई/उनीहरु मार्फत् विभिन्न तालिम, अभियानहरु सञ्चालन गरेको थियो। संस्थाले त्यसताका अभियानका रुपमा अघि बढाएका कतिपय सवालहरु आजसम्म आइपुग्दा राज्यको नीतिको रुपमा कार्यान्वयन समेत भएको अवस्था छ, यो ठूलो सफलता हो।

यसै सन्दर्भमा, बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि बाल अधिकारको हनन्, बाल हिंसा विरुद्धको सचेतना अभिबृद्धि गर्दै बालबालिकालाई सचेत गराउने, समुदाय तथा सरोकारवालाहरुसँग सचेतना अभिबृद्धि गरी समन्वय र सहकार्य गर्दै स्थानीय तहमा बालबालिकालाई राज्यको सेवा प्राप्तिको अनुभूति दिलाउँदै, विद्यालयलाई शान्ति क्षेत्रको रुपमा गरिएको घोषणाको प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुऱ्याउने, बालमैत्री विद्यालय सुधारका लागि सरोकारवालाहरुसँग रणनीति निर्माण गर्दै स्थानीय श्रोतको प्रभावकारी परिचालनमा सहयोग गर्ने, द्वन्द्वपछिको विद्यमान समयमा समग्र शान्ति प्रक्रियासँगै बालबालिकाहरुलाई शान्ति शिक्षाको प्रयोगात्मक सीप बृद्धि गर्ने, हिंसा न्यूनिकरण र सकारात्मक सहभागिताको विकास गर्दै बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक विसकामा सहयोग पुऱ्याउने उद्देश्यले किन्डरमिसनरेक जर्मनीको सहयोगमा "बाल अधिकार तथा शान्ति शिक्षा" सम्बन्धी कार्यक्रम सञ्चालित छ। यसै कार्यक्रम अन्तर्गत प्रत्येक चौमासिकमा बालबालिकाका कुराहरुलाई समेटेर बुलेटिन प्रकाशन भइरहेको छ। बुलेटिनमा प्रकाशित सामग्रीहरुले पक्कै पनि बालअधिकारको संरक्षण र संबर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको छ। यस अगाडी दुई चौमासिक बुलेटिन हामीले प्रकाशन गरी सकेका छौं त्यसले पनि बालबालिकाको क्षमतालाई प्रस्फुटन गर्न र बालअधिकार सम्बन्धी सूचना तथा सन्देश प्रवाहमा सहयोग पुग्यो होला भन्ने अपेक्षा राखेका छौं। बुलेटिनको प्रकाशनमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद।

# सबै तह र तप्काबाट कर्तव्यनिष्ठ भएर लागौं



**मानव अधिकार मञ्च नेपाल इलामद्वारा मेची अञ्चलका ४ र कोशीका धनकुटा, तेह्रथुम र संखुवासभा जिल्लामा सञ्चालित बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रमको प्रकाशनको रुपमा रहेको बाल आवाज बुलेटिनका लागि परियोजना सञ्चालित ताप्लेजुङ्का जिल्ला शिक्षा अधिकारी पुर्णबहादुर दर्जीसँगको अर्न्तवार्ता :**

**कार्यालयका पछिल्ला गतिविधिहरु के कसरी अघि बढीरहेका छन् ?**

शिक्षक व्यवस्थापन, वार्षिक कार्यक्रमको प्रगति प्रतिवेदन तयारी, एस.एल.सी. परीक्षाको नतिजा विश्लेषण, अभिलेख व्यवस्थापन, भूकम्प तथा बाढी पहिरोवाट क्षति भएका विद्यालयहरुको पठनपाठन सुचारु गर्ने आदि कार्यहरुका साथ कार्यालयका गतिविधिहरु अघि बढिरहेका छन् ।

**ताप्लेजुङ जिल्लामा सञ्चालित बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रमको विषयमा के भन्नुहुन्छ ?**

बालअधिकार शान्ति शिक्षाले बालअधिकार महासन्धीले पारित गरेका संरक्षण, बचाउ, विकास र सहभागितका विषयमा बालबालिकालाई सचेत गराउने काममा सहयोग पुऱ्याएको महशुस गरेको छ ।

**राज्यले शिक्षा क्षेत्रलाई अघि बढाउने अभियानमा इ.सी.डि.एफ.को समन्वयमा मानवअधिकार मञ्चबाट सञ्चालित बालअधिकार शान्तिशिक्षा कार्यक्रमले कस्तो सहयोग पुगेको छ ?**

वास्तवमा शिक्षा प्रदान गर्ने कार्यमा शिक्षा मन्त्रालयको प्रयास मात्रले पूर्णता पाउन सक्दैन, यसका लागि सरकारी, गैरसरकारी निकाय, सामुदायिक संघसंस्था, स्थानीय निकाय आदिको पनि उत्तिकै योगदानको आवश्यकता पर्दछ । सोही अनुसार इ.सी.डि.एफ.को समन्वयमा मानवअधिकार मञ्चबाट सञ्चालित बालअधिकार शान्ति शिक्षा कार्यक्रमले पनि यस ताप्लेजुङ जिल्लाको शिक्षा क्षेत्रलाई अघि बढाउन, बालमैत्री विद्यालय निर्माण गर्नमा महत्वपूर्ण सहयोग पुऱ्याएको महशुस गरेका छौं ।

**कार्यक्रमको आवश्यकता र प्रभावकारिता कस्तो पाउनुभयो ?**

भोलिका लागि देश सञ्चालन गर्ने, राज्यको बागडोर सम्हाल्ने, विकास निर्माणलाई अग्रगति दिई समुन्नत राष्ट्र बनाउने महत्वपूर्ण दायित्व बोकेका बालबालिकाहरुका लागि शान्ति शिक्षा अपरिहार्य छ । यस शिक्षाका माध्यमवाट नै बालवालिकाहरुलाई बालअधिकारका विषयमा जानकारी गराउनुका साथै नैतिकवान, चरित्रवान, सहिष्णु, स्वालम्बी, देशभक्त बनाउन सकिने भएकाले यसको

> भोलिका लागि देश सञ्चालन गर्ने, राज्यको बागडोर सम्हाल्ने, विकास निर्माणलाई अग्रगति दिई समुन्नत राष्ट्र बनाउने महत्वपूर्ण दायित्व बोकेका बालबालिकाहरुका लागि शान्ति शिक्षा अपरिहार्य छ ।

आवश्यकता छ । जुनजुन विद्यालयहरुमा बालक्लव गठन भएका छन् त्यस्ता विद्यालयहरुमा बालबालिकाहरुको सक्रियतामा विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गरी आफ्ना प्रतिभाहरु प्रस्तुत गर्ने, विद्यालयका विविध गतिविधिहरुमा सक्रिय रुपमा सहभागी हुने जस्ता विकास र सहभागिताका क्षेत्रमा अगाडि बढेका हुनाले यसको प्रभावकारितामा वृद्धि भएको पाइन्छ ।

### कार्यक्रमबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न कसले के-के गर्नुपर्ला ?

कार्यक्रमवाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न तथा दिगोपनाका लागि सर्वप्रथम सम्वन्धित विद्यालय र विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहने भएकाले उक्त निकायहरुको सक्रियतामा आर्थिक स्रोतको व्यवस्था गरिदिने, विद्यालयको वार्षिक कार्यक्रम निर्माणमा बालक्लवका विविध गतिविधिहरु समावेश गरिदिने, बालबालिकाहरुकै सहभागितामा योजना निर्माण, कार्यान्वयन र अनुगमन मूल्याङ्कनगर्ने । स्थानीय निकायहरु वाट गाउँ/नगर शिक्षा समिति गठन गराउन तथा बालक्लव गठनमा सहयोग गर्ने, गाउँ/नगर बाल संरक्षण समिति गठन गर्ने, आर्थिक स्रोतको व्यवस्थापन, गाउँ/नगरस्तरीय योजनाहरु निर्माण गर्दा बालमैत्री बनाउनमा जोडदिने, बालवालिकाको सहभागितामा ध्यान पुर्‍याउने ।

कार्यक्रमवाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न तथा दिगोपनाका लागि सर्वप्रथम सम्वन्धित विद्यालय र विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहने भएकाले उक्त निकायहरुको सक्रियतामा आर्थिक स्रोतको व्यवस्था गरिदिने, विद्यालयको वार्षिक कार्यक्रम निर्माणमा बालक्लवका विविध गतिविधिहरु समावेश गरिदिने, बालबालिकाहरुकै सहभागितामा योजना निर्माण, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने।

गैरसरकारी संस्थाहरुवाट चेनतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने, लजेष्टिक तथा आर्थिक सहयोग गर्ने जिल्ला शिक्षा कार्यालयवाट सबै विद्यालयहरुमा बालक्लव गठन गर्न लगाउने, कार्यक्रमको समय समयमा अनुगमन मूल्याङ्कन गरी सुधारका लागि सल्लाह सुझाव दिनुका साथै विभिन्न निकायहरुबीच समन्वय र सहकार्य गर्ने गराउने ।

### विद्यालयलाई बन्द, हिंसा, विभेदरहित बनाउन तथा बालबालिकाहरुको लागि वरिपरिका वातावरणलाई बालमैत्री बनाउने कुरा सँग जोडिएको बालमैत्री स्थानीयशासनलाई अभ्यासमा ल्याउन कतिको सहज ठान्नुहुन्छ ?

राजनीतिकदल, शिक्षाप्रेमी, बुद्धिजीवी, नागरिक समाज, सञ्चार माध्यम, सरकारी तथा गैरसरकारी निकाय, शिक्षक, अभिावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यार्थी आदि सबै तह र तप्का वाट तन, मन, वचनले कर्तव्यनिष्ठ भएर लागौं सहज हुनेछ, सहज बनाउन आवश्यक छ ।

### कार्यक्रमकै क्रियाकलापमा समावेश भएर गठित गाउँस्तरमा बालअधिकारको लागि कामगर्ने संयन्त्र (गाउँ बाल संरक्षण समिति)ले गरेका कामहरु बारेमा तपाईंको धारणा के छ ?

गाउँ बाल संरक्षण समितिले गरेका विभिन्न कार्यक्रमहरु सकारात्मक छन्, बालबालिकाहरुमा पठनपाठन लगायत सहभागितामा सुधार, निडर भावनाको विकास, तार्किक क्षमताको विकास भएको छ ।

### विद्यालयमा गठन भएका बालक्लवहरुको क्रियाकलाप कस्तो पाउनुभएको छ ?

जहाँ प्रधानाध्यापक लगायत शिक्षक स्टाफ र विद्यालय

व्यवस्थापन समितिवाट पर्याप्त सहयोग पाएका छन् त्यहाँका बालक्लवहरु सक्रिय छन्,जहाँ कम सहयोग प्राप्त गरेका छन् ती बालक्लवहरुले सामान्य कार्यक्रमहरु सञ्चालन गरेका छन् ।

### उनीहरुले गरिरहेका रचनात्मक अतिरिक्त क्रियाकलापहरुमा अझै हौसला अभिवृद्धि गर्न जिल्ला शिक्षा कार्यालयले के गर्दछ ?

प्रत्येक शुक्रवार पठनपाठन बाहेक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरुलाई लगाइएको, समय समयमा स्रोत केन्द्रस्तरीय तथा जिल्लास्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिएको, स्रोत केन्द्रस्तरीय तथा जिल्लास्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिएको, विभिन्न विद्यामा प्रथम हुने विद्यार्थीलाई क्षेत्रीय प्रतिस्पर्धामा पठाइएको, सरकारी तथा गैरसरकारी निकायहरुवाट सञ्चालित कार्यक्रममा समन्वय र सहकार्य गरिएको ।

### दलित समुदायको एकजना व्यक्ति राज्यको जिम्मेवार पद सम्हालिरहँदा जिल्लाका दलित बालबालिकाहरुले के परिवर्तनको आशा, अपेक्षा गर्न सक्दछन् ?

शिक्षा नै सबैभन्दा महत्वपूर्ण सम्पत्ति भएकाले पढ्नुपर्छ, हामीहरुलाई शिक्षा दिनका लागि राज्यले धेरै लगानी गरेको छ, सरकारी गैरसरकारी निकायहरु लागिपरेका छन् । हिनताबोधको भावना त्यागेर आजैदेखि लागौं, राज्यले दिएको अवसर लिनका लागि समयमै मेहनत गरौं, अवश्य पनि सफल भइन्छ ।

### बालबालिकाका सम्पुर्ण अधिकारहरुको विषयमा सवै सरोकारवालाहरुलाई पुर्ण जवाफदेहि र जिम्मेवार बन्न अभिप्रेरित गर्ने के कस्ता कार्यक्रमहरु सञ्चालित छन् कार्यालयबाट ?

दण्डरहित तथा बालमैत्री शिक्षण सिकाइका लागि शिक्षक तालिमको व्यवस्था, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई तालिमको व्यवस्था, निःशुल्क शिक्षाको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, निरन्तर विद्यार्थी मूल्याङ्कन, बालक्लव गठन आदि ।

### जिल्लामा शिक्षा क्षेत्रका सम्पुर्ण विषयलाई प्रभावकारी र सफल वनाउन जिल्ला शिक्षा कार्यालयको भावी कार्ययोजना के छ त ?

जिल्ला शिक्षा कार्यालयवाट माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका प्र.अ. एंव प्राचार्यहरुको सक्रियतामा शैक्षिक सुधार अवधारणा(पत्र २०७१ जारी गरेका छौं, जुन अवधारणा(पत्रले ३२ वटा विषयलाई अगाडि सारेको छ । उक्त ३२ बुँदे कार्यक्रमलाई मूर्तरुप दिदै मा.वि./नि.मा.वि. तहमा विषयगत रुपमा दरवन्दी मिलान गर्ने, शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिने, विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई आवश्यकतानुसार समायोजन गर्ने, साक्षर जिल्ला घोषणा गर्नका लागि विद्यार्थी परिचालन लगायत सरकारी एंव गैरसरकारी निकायसंग समन्वय गर्ने आदि विषयहरुको कार्ययोजना रहेको छ ।

### कार्यालयले लिएको सौंच पूरा गर्न सम्वन्धित सरोकारवालाहरुको समन्वय सहकार्य कस्तो छ ?

वास्तवमा जिल्ला शिक्षा कार्यालयको एक्लो प्रयासले मात्र उपर्युक्त उद्देश्यहरु पूरा गर्न कठिन छ, ती उद्देश्य पूरा गर्नका लागि स्थानीय राजनीतिक दल, स्थानीय निकाय, सरकारी तथा गैर सरकारी कार्यालयहरु, शिक्षाप्रेमी, समाजसेवी, स्थानीय सञ्चार माध्यम, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत सम्पूर्ण सरोकारवालाहरुको समन्वय र सहकार्य आवश्यक हुन्छ सो अनुसार सबै सरोकारवालाहरुमा जिल्ला शिक्षा कार्यालय ताप्लेजुङको समन्वय र सहकार्य रहेको छ । यहाँको यस बुलेटिन मार्फत समन्वय र सहकार्यका लागि सबै सरोकारवालाहरुलाई धन्यवाद दिदै आगामी दिनमा पनि सबै सरोकारवालाहरुमा यस प्रकारको समन्वय र सहकार्यको निरन्तरताको अपेक्षा गर्दछु ।

# मानव अधिकार र बाल अधिकार



**शिखरनाथ सापकोटा**
प्रशिक्षक प्रमुख
मानवअधिकार मञ्च नेपाल

मानिस सामाजिक प्राणी हो । मानिस जन्मदा स्वतन्त्र जन्मन्छ र उसले जीवनभर गर्ने सबै क्रियाकलापहरु स्वतन्त्ररुपमा गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । यसैले मानव अधिकार भनेको मानिसको जन्मसिद्ध अधिकार हो । मानिस भएर यो धर्तीमा जन्म लिएपछि नमरुञ्जेलसम्म उसले जीवनयापनका क्रममा पाउनु पर्ने सबै नैसर्गिक अधिकारहरु मानवअधिकार भित्र पर्दछन् । मानिसले जन्मने वित्तिकै सास फेर्छ, रुन्छ, सरसफाइ गरिन्छ, आमाको स्तनपान गराइन्छ, सेकताप गर्ने, खोपलगाउने र सुताउने कार्य गरिन्छ । यसो सम्झिदा यी कार्यहरु सामान्य लाग्दछन् । तर, यी कार्य र दायित्वबाट मानवअधिकारको आधारभूत मान्यता सिद्धान्तहरु तयार हुन्छन भन्ने कुरा हामीलाई थाहा हुनुपर्दछ । सास किन फेरेको भन्दा बाच्नका लागि, रुन्छ किन उसको चाहना आवश्यकता व्यक्त गर्न, त्यसै गरी स्वच्छ वातावरण र जीवन यापनका लागि सरसफाइ गरिन्छ भने भोकबाट बच्न स्तनपान, माया स्नेह सद्भावका तथा सुरक्षाका लागि सेकताप र सुताइने क्रियाकलापले बासस्थानको अधिकार सिर्जना मानिस जन्मनासाथ गर्दछ । यसरी जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, स्वच्छजीवनको अधिकार, सामाजिक न्याय र सम्मानको अधिकार, भोकबाट उन्मुक्तिको अधिकार, आवास तथा स्वास्थ्यको अधिकार मानवअधिकारका आधारभूत अधिकार हुन् । यसै गरी नामाकरण, जन्मदर्ता, पास्नी, शिक्षा आर्जन, नागरिकता, मतदान, सभासम्मेलनमा भाग लिने, बिचारको पक्ष विपक्षमा लाग्न पाउने संघसंगठन खोल्न, पेसा रोज्न, विवाह, राजकीय निकायमा भाग लिने लगायत जीवनभर र मृत्युपछि उसको संस्कारका आधारमा अन्तिम संस्कारसम्म गर्न पाउने सबै अधिकारहरु मानव अधिकार भित्र पर्दछन् । एक वाक्यमा मानव अधिकार भनेको ***मानिस जन्मेदेखि मृत्युपर्यन्तसम्म स्वतन्त्र, मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न स्वतः प्राप्त गर्ने नैसर्गिक तथा जन्मसिद्ध प्रत्येक अधिकार नै मानव अधिकार हो*** भनेर परिभाषा गर्न सकिन्छ ।

मानवअधिकारहरु कसैको इच्छा आग्रह वा आदेशमा कटौती गर्न मिल्दैनन् । न त यी अधिकारहरु कुनै राजा महाराजाको आदेशले नत कसैको दान बक्सिस वा आशिर्वादले नै प्राप्त भएका हुन । न त जाती, भाषा, धर्म, वर्ण, लिङ्ग, भूगोल र बसोबासका आधारमा कसैलाई कमबेसी गर्न पनि सकिने बस्तुहरु नै हुन् । प्राकृतिकरुपमा मानिस भएको नाताले प्राप्त भएको हुनाले नै यसलाई नैसर्गिक, प्राकृतिक, अहरणीय अधिकारको रुपमा मानवअधिकारलाई लिइन्छ । तर यसमा बिचार गर्नु पर्ने कुरा आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकारको सम्मान गर्नु पर्ने दायित्व चाही मानवअधिकारको महत्वपूर्ण कर्तव्य भित्र पर्दछ भन्ने कुरा बिर्सन मिल्दैन । यसै कुरालाई मध्य नजर गर्दै विश्वमा स्थायी शान्तिस्थापना गर्न संयुक्त राष्ट्रसंघले सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र जारी गऱ्यो । जसमा माथि उल्लेख गरिएका कुराहरुलाई ३० वटा धारामा व्यवस्था गरेको छ । मानिसका जन्मजात र जीवन यापनका लागि आवश्यक अधिकारहरुको प्रत्याभूति नभएमा शान्ति अमन चयन कायम रहन सक्दैन भन्ने अवधारणालाई प्रस्तावनामा समेटेर तयार गरिएको घोषणा पत्रमा भएका अधिकारहरुका छुट्टाछुट्टै अधिकारहरु सम्बन्धि विस्तृत सन्धि, अभिसन्धिहरु संयुक्त राष्ट्रसंघले जारी गर्दै आयो । यी सन्धिहरुमा व्यवस्था भएका सबै अधिकारहरु मानवअधिकारको अभिन्नपक्ष भित्र पर्दछन् । मानव अधिकार भित्र विभिन्न प्रकारका अधिकारहरु पर्दछन् । ती मध्ये नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि महासन्धि १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि महासन्धि १९६६ लाई मानवअधिकारका सर्वाधिक महत्वका महासन्धिकाका रुपमा International Bill of Human Rights भनेर मानिन्छ । यी महासन्धिमा हस्ताक्षर गर्ने प्रत्येक राष्ट्रले निर्वाधरुपमा आफ्ना नागरिकहरुलाई यी अधिकारहरु उपलब्ध गराउनु पर्दछ । यी दुईवटा महासन्धिमा व्यवस्था भएका

अधिकारहरुलाई संक्षेपमा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका आधारमा विभाजन गरिएको पाइन्छ ।

१९९३ को भियना सम्मेलनले मानवअधिकारलाई अभिभाज्य अधिकारको रुपमा लिदै यसको विशेषता निर्धारण गरेको छ । उक्त सम्मेलनले मानवअधिकारहरु सर्वव्यापक छन्, अभिभाज्य छन्, एकआपसमा अन्तरनिहित तथा अन्तरसम्बन्धित छन् र मानवअधिकारलाई अन्तराष्ट्रिय कानूनले श्रृङ्खलाबद्ध गरेको हुन्छ भनेर यो विषयको टुङ्गो लगाएको छ । आजभोलि चर्चा गरिने आत्मनिर्णयको अधिकार च्ष्नजतक तय कभाी Determinations आत्मछनौटको अधिकार च्ष्नजतक तय क्ष्लायच्क अजयष्अभ तथा आत्मसम्मानको अधिकार आदि अधिकारहरु मानवअधिकारका अभिन्न पक्षहरु हुन जसलाई कुनै पनि देश, भाषा, भूगोल, जाति सम्प्रदायका आधारमा खण्डित गर्न र अपव्याख्या गर्न कसैलाई पनि अधिकार हुने छैन भनेर मानवअधिकारको विश्वव्यापी घोषणा-पत्रमा व्यवस्था गरिएको छ । यो लेखमा बालअधिकारको बारेमा चर्चा गरिने भएकोले मानवअधिकारको बारेमा यति नै ।

## बाल अधिकार

बालबालिका भनेका शारीरिक, मासिक तथा संवेगात्मकरुपमा पूर्ण बिकास भई नसकेका विकासको द्रुतत्तर गतिमा रहेका १८ वर्षभन्दा कम उमेर समूहका मानव समुदायका सदस्यहरुलाई बालबालिका भनिन्छ । बालबालिकाको परिभाषा बालअधिकार सम्बन्धी महासन्धि १९८९ मा यसरी गरिएको छ( कुनै पनि देशको राष्ट्रिय कानूनमा अन्यथा तोकिएकोमा बाहेक १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका सम्झनु पर्छ । (धारा १) त्यसैगरी नेपालको बालबालिका सम्बन्धी ऐन (२०४८) को दफा २ अनुसार १६ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका मानिएको छ । भनिन्छ बालबालिका भनेका त सुन्दर कोपिला हुन्, जसले फक्रेपछि वातावरणलाई सुवासमय बनाउँछन्, बिहानी हुन् जसबाट सुन्दर दिनको आगमन हुन्छ, राष्ट्रका भविष्य हुन्, कर्णधार हुन्, बालबालिका समाजका ती अंग हुन् जसको अभावमा पूर्ण जीवनकको कल्पनासम्म गर्न सकिदैन, समाजको संरचना पूरा हुन सक्दैन । हाम्रो देशमा मात्र होइन विश्वभरि नै थुप्रै बालबालिकाहरु अत्यन्त कठीन परिस्थितिमा बाँचिरहेका छन् । बालबालिकाको संरक्षणको निमित्त आवश्यक आधारभूत स्वास्थ्य उपचार, शिक्षा, पोषण, आवास, आदिको उचीत व्यबस्थापन गर्ने र हेलाँ, दुर्व्यबहार र शोषणबाट संरक्षण गर्ने लगायतका कुराहरुलाई संसारका धेरै राष्ट्रहरुले पूर्णतः व्यबहारमा लागु गर्न सकिरहेका छैनन् । आज पनि संसारमा जति अपृय घटना घट्छन् लडाइँ, बाढी, पहिरो, भूकम्प आदि मानवीय वा प्राकृतिक प्रकोपहरुबाट अत्यधिकरुपमा बालबालिकाहरु पीडित हुने गर्दछन् । एउटा तथ्याङ्क अनुसार प्रत्येक दिन संसारमा ३८ हजार भन्दा बढी बालबालिका खाना तथा प्राथमिक स्वास्थ्योपचारको अभावमा मर्ने गर्दछन् , १० करोडभन्दा बढी खतरापूर्ण अवस्थामा मजदूरी गर्ने गर्दछन् भने ८ करोड घरबार बिहिन बालबालिका सडक पेटीमा जीवन विताउने गर्दछन् , १ करोड भन्दाबढी शरणार्थीको रुपमा रहेका छन् लाखौं बालबालिकाहरु यौन शोषणको शिकार भएका छन् भने नेपालबाट मात्रै देहव्यापारका लागि बेचिएका करिब २ लाख चेलीबेटीहरु मध्ये २० प्रतिशतभन्दा बढी सोह्र वर्षमुनिका बालिकाहरु छन् ।

## बाल अधिकारको ऐतिहासिक पृष्ठभूमि र बाल अधिकार महासन्धि

सन् १९१४ देखि १९१८ सम्म भएको प्रथम विश्व युद्धमा ठूलो धनजनको क्षती भयो । असंख्य बालबालिकाहरु अपाङ्ग र अनाथ भए । युद्धग्रस्त क्षेत्रमा लाखौं बालबालिकाहरु भोका नाङ्गा बन्न पुगे । पीडित बालबालिकाहरुको दुःख देखेर बेलायतकी फोटो ग्राफर एग्लान्टाइन जेवले युद्धग्रस्त क्षेत्रका नाङ्गा केटाकेटीहरुको फोटो खिचेर प्रचारप्रसार गरिन् । त्यति बेलाको बेलायती समाजमा केटीहरुले कुर्कुच्चा देलाउनुसमेत अपराध मानिन्थ्यो । त्यस्तो समाजमा नाङ्गा फोटो खिचेको आरोपमा जेवलाई जेलको सजाय सुनाइयो ।जेलमा रहेको अवस्थामा जेवले " सबै युद्धहरु बालबालिका र महिला विरुद्धको युद्ध हुन्" भन्ने

आवाज उठाइन् । जेलमै उनले १९२१ मा बाल अधिकारको घोषण पत्रको मस्यौदा तयार गरिन् । जेवले १९२३ मा बाल अधिकार सम्बन्धि सातबटा सन्देसहरु तयार गरिन् जो निम्नानुसार रहेको छ :-

१. हरेक जातजाती, वर्ण, धर्मको घेरा पार गरेर बालबालिकाहरुको संरक्षण गर्नु पर्छ ।
२. परिवारलाई उचित सम्मान दिदै परिवार भित्रका बालबालिकाहरुलाई उचित स्याहार सुसार पुऱ्याउनु पर्छ ।
३. नैतिक, आध्यात्मिक, शारीरिक, मानसिक र वस्तुगत आधारमा उचित तथा सम्पूर्ण विकासका लागि बालबालिकाले सबै सुविधाहरु पाउनु पर्छ ।
४. सामाजिक सेवाबाट बालबालिकाले पूर्ण लाभ पाउनु पर्छ । उचित समयमा आफ्नो जीवन धान्नको लागि कमाउन सक्ने गरी उचीत तालिम समयमै पाउनु पर्छ र हरेक किसिमको शोषणबाट संरक्षण पाउनु पर्छ ।
५. बालबालिकाहरुलाई यी समभ्फदारीमा हुर्काउनु पर्दछ कि उनीहरुको प्रतिभा मानव सेवामा समर्पित होस् ।
६. भोको बच्चाले खान पाउनु पर्छ, बिरामी बच्चाले स्याहार, उपचार पाउनुपर्छ, मानसिक र शारीरिक रुपले अपाङ्गता, अशक्त भएका बालबालिकाले उचीत तालिम तथा शिक्षा पाउनुपर्छ र अनाथ परिवार विहीन बालबालिकाले आश्रय पाउनु पर्छ ।
७. दुःख, संकट, प्रकोप परेको बेलामा सबभन्दा पहिले बालबालिकाले उद्धार कार्यको सेवा पाउनु पर्छ ।

यसै अनुसार “सेभ द चिल्डून फण्ड युके ” को स्थापनाबाट बाल बचाउ अभियानको शुरुवात गरिन् । १९२१ को बाल अधिकार घोषणाको मस्यौदालाई १९२४ को जेनेभा घोषणापत्रमा समावेश गरियो र बालअधिकारको अवधारणलाई अन्तराष्ट्रिय रुपमा चिनाउने काम भयो । सन् १९४८ मा मानवअधिकारको घोषणापत्र जारी भयो । यसमा सबै मानिसको अधिकारको बारेमा उल्लेख गरियो तापनि यसबाट बालबालिकाको विशेष संरक्षण र सुरक्षाको आवाज उठ्न सकेन । सन १९५९ मा संयुक्त राष्ट्रसंघले बालबालिकाको उच्चतम हितलाई ध्यान दिदै घोषणापत्र जारी गऱ्यो । १९५९ देखि १९७९ सम्मको २० वर्षे अन्तरालमा यो घोषणापत्रको रुपमा मात्र रह्यो । जसको परिणाम स्वरुप बालअधिकारको आवाजलाई बाध्यात्मक रुपमा लागुगर्ने स्थिति भएन । १९७९ लाई संयुक्त राष्ट्रसंघले बाल वर्षको रुपमा मनाउने घोषणा गऱ्यो । यसैलाई सन्दर्भ बनाएर पोल्याण्ड सरकारले बालअधिकारको महासन्धिको मस्यौदा बनायो । यो मस्यौदामाथि दश वर्षसम्म छलफल भयो र यसलाई परिमार्जन गर्दै २० नोभेम्वर १९८९ को संयुक्त राष्ट्रसंघको महासभाले पारित गऱ्यो ।

यसरी एक सामान्य नागरिक (महिला) ले युद्धको विभीषिकाबाट प्रताडित भई उठाएको आन्दोलनको आवाजले महासन्धिको रुप लिन पुग्यो । संसारका १९६ देशहरुले यो महासन्धिलाई अनुमोदन गरि सकेका छन् ।

नेपालले यो महासन्धिमा १४ सेप्टेम्बर १९९० मा हस्ताक्षर गऱ्यो । बाल अधिकार महासन्धीमा हस्ताक्षर गरी सकेपछि नेपालले बालबालिकाको हक, हित र संरक्षणको लागि निम्न अनुसारको कानूनी व्यबस्था गरेको छ :-

१. बालबालिका सम्बन्धि ऐन, २०४८
२. बालबालिका सम्बन्धि नियमावली, २०५१
३. बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बनाएको छ ।
४. बालबालिका सम्बन्धि नियम २०५१ मा आधारित भएर प्रत्येक जिल्लाका जिल्ला अदालतमा बाल इजलास, जिल्ला बाल कल्याण समिति र केन्द्रीय स्तरको बालकल्याण समिति स्थापना भएकाछन ।
५. राष्ट्रिय योजना आयोगमा महिला तथा बाल विकास शाखाको स्थापना र श्राम मन्त्रालयमा बालश्रम शाखाको स्थापना
६ सन् १९९४ मा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय महिला तथा बाल बिकास परिषद गठन भएका छन्
७. अन्तरिम संविधान २०६३
८. बालमैत्री स्थानीय शासन (रणनीतिक कार्ययोजना) २०६८

# बालबालिकामा अझै द्वन्द्वको घाउ

## सरकारले सहयोग टुटाउँदा थप समस्यामा

**श्याम भुजेल**
इलाम



पठनपाठनका लागि पर्याप्त बातावरण नपाएका उनले कक्षा दोहोऱ्याउनु परेको हो । हजुरबुबासँग रहदै आएका उनलाइ पढ्नका निम्ति आर्थिक अभाव छ । जेनतेन हजुरबुबाले पढाइ खर्च पुऱ्याई दिएका कारण उनी स्कुलसम्म गएका छन् ।

द्वन्द्वका बेला अबैध सम्बन्धबाट जन्मिएको भनिएका रमेशको न त आमा साथमा छिन् न बाबुको टुङ्गो छ । अरु त अरु उनी जन्मिएको प्रमाण-पत्रसम्म छैन । स्कुलमा पटक-पटक जन्मदर्ता खोजिन्छ । तर, उनी त्यो दिन सक्दैनन् । 'स्कुलमा परीक्षा आउँदैपिच्छे जन्मदर्ताको कागजात खोजी हुन्छ हुन्छ'-रमेशले भने-'सरहरुले नै आमा बेपत्ता बाबुको टुङ्गो छैन भनेर लेखिदिनु हुन्छ ।'

द्वन्द्वका बेला सशस्त्र विद्रोही समूहमा गएकी कमला र अर्को एक जनाको अवैध सम्बन्धबाट रमेशको जन्म भएको हो । तर, ती पुरुषले सम्बन्ध स्वीकार गरेनन् । अझ पुलिस प्रशासनमा गए अनर्थ हुने भन्दै धम्क्याएपछि कि परिवारलाई ज्यान जोगाउनका लागि चुपचाप बस्नुको विकल्प थिएन । अहिले नाती १४ वर्षको हुँदासम्म रमेशका हजुरबुबाले हारगुहार गर्ने ठाउँ छैन । रमेश अढाई वर्षको हुँदा आमा कमलाले पनि उनलाई छाडेर हिंडिन् । कमला अहिलेसम्म बेपत्ता छिन् । कमलाले औंल्याएका पुरुष त गाउँमै छन् तर, मेरो नाती रमेशले उनलाई बाबा भनेर बोलाउँन सक्दैन् । 'छोरीले देखाउँदा त स्वीकारेनन्'(रमेशका हजुरबुबा नरबहादुर दर्नालले भने('अहिले हामीले भन्यो भने त यहाँ बाच्नै गाह्रो छ ।'

बिक परिवारलाई अहिले झन अर्को पीडाले सताएको छ । बैदेशिक रोजगारीमा गएका रमेशका मामा रामकुमार विकको विदेशमा नै मृत्यु भएको छ । एक महिनाअघि नै मृत्यु भएका उनको लाश पर्खेर दिन काट्दैछ परिवार । बाबु-आमाको साथ नपाएका रमेशलाई मामाको मृत्युले झन पीडित तुल्याएको छ ।

रमेशलाई कक्षा नौंमा भर्ना भएपछि रजिष्ट्रेशन फारम भर्नका लागि जन्मदर्ता अनिवार्य पर्छ । जन्मदर्ता नभए रजिष्ट्रेश नै भर्न नसकिने जिल्ला शिक्षा कार्यालयका अम्बिका खनालले बताए । सर्जमिन मुचुल्का बनाएर भए पनि जन्मदर्ता गर्नैपर्ने खनालले बताए । तर, रमेशका हजुरबुबालाई भने आफ्नो नातीको बाबु टुङ्गो लगाएर मात्र जन्मदर्ता गराउन पाए हुन्थ्यो भन्ने छ । 'हामीलाई त बुढेसकालले छोइसक्यो, नातीको बाबु पत्ता लगाउन पाए राम्रो हुन्थ्यो ।'

सेनाकै हवाई फायरमा परेर तिघ्रामा गोली लागेकी निमदिकी शेर्पा अहिले किशोरावस्थामै हिंड्दै छिन् । ताप्लेजुङ्ग लेलेपकी उनी अहिले १५ बर्षकी भइन् । स्थानीय विद्यालयमा पाँच कक्षा पढ्दैछिन् । बाल्यकालमै सशस्त्र द्वन्द्वको असर व्यहोर्ने निमदिकी अहिले पढाइकै लागि सहयोग गुहार्दै छिन् । एक वर्षअघि राजधानी काठमाण्डौं नै पुगेर उनले द्वन्द्व प्रभावित विद्यार्थीहरुलाई सहयोगका लागि गुहार मागिन् । तर त्यो गुहार राज्यले अहिलेसम्म सुनेको छैन । 'संसारकै चासो हुने गरी चर्केको द्वन्द्वमा प्रभावित म जस्तालाई राज्यले बेवास्ता गर्दै आएको छ'-चोटको पीडा भुल्न नसकेकी निमदिकी भन्छिन्-'सरकार गोली लागेका घर टाल्छ मात्रै गोली लागेका शरीरको उपचार गर्दैन, दुःखेको मन निको पार्न खोज्दैन ।'

द्वन्द्वकै समयमा बाबुलाई पेटमा गोली लागेर अशक्त बनेपछि शान्तिपुर-४ की बिनिता राईले पढ्न लागि

आर्थिक अभाव खेप्नु परिरहेको छ । बाबु पदम राईलाई पेटमा गोली लागेको थियो । समस्या बेलाबेला बल्झिरहने भएकाले उनी पहिलेको जस्तो काम गर्न सक्दैनन् । हेरचाह गर्ने अभिभावक नै असक्त भएपछि त्यसको असर विनिताको पढाइमा परेको छ ।

इलाम जीतपुर-८ की सञ्चमाया लिम्बूलाई अहिलेसम्म द्वन्दको असरले सताइरहेको छ । बाबु दाहोरो भिडन्तमा मारिएका सञ्चमायालाई पढाइका लागि समय निकाल्न र खर्च जुटाउन समस्या हुन्छ । बेलाबखत मेलापात गएर आफूले पढाइ खर्च जुटाइरहेको उनले बताइन् । कक्षा आठमा अध्ययनरत विनिताले गैरसरकारी संस्थामार्फत दिइदै आएको सहयोग अघिल्लो बर्षसम्म पाउँदा खासै समस्या थिएन । तर, अहिले सहयोगको अभाव भइरहेको छ । जग्गा जमिन नभएको बिनिताको परिवारले राज्यबाट पाएको रकमले थोरै जग्गासम्म जोडेका छन् । आमा एक्लैको कमाइले परिवार धान्न मुस्किल परिरहेको छ'(उनले भनिन् । राज्यबाट पाँच लाख रुपैंयाँ पाइसक्यौ, घर जग्गा नभएकाले अहिले जग्गासम्म किनेका छौं'-आमा दुर्गीमायाले भनिन्-'आफ्नो घर नहुँदा निन्द्रा लाग्दैन, नानीहरुको पीरले सताई रहन्छ ।'

द्वन्द्वरत पक्षबाट बाबु मारिएका देउमाई नगरपालिका तपेवाका एक बालिका स्कुल जान पाएकी छैनन् । शारिरीक रुपमा अपाङ्गता भएपछि उनको कक्षा-२ बाटै पढाइमा बाधा उत्पन्न भएको हो । कम्मरभन्दा मुनिको भाग नचल्ने विनिताले आवासीय ब्यवस्था गरेर मात्र अध्ययन गराउन सम्भव भएको अपाङ्गताको क्षेत्रमा कार्यरत एक सामाजिक परिचालकले बताए ।

दशक लामो सशस्त्र द्वन्द्वका क्रममा देशभरमा पाँच सयभन्दा बढी बालबालिकाको मृत्यु भएको, ४० हजार बालबालिका विस्थापित भएको र आठ हजारभन्दा धेरै बालबालिका टुहुरा बनेका छन् । द्वन्द्वबाट प्रभावित भएका कतिपय बालबालिकालाई पढाइमा बाधा परिरहेको छ । त्यस्तै कतिपयले आफ्नो जन्मसिद्ध अधिकार उपभोग गर्नबाट नै बञ्चित छन् । द्वन्द्वका कारण परिवार गुमाउँदा कतिपय आर्थिक अभावमा रुमलिंदै छन् । कतिपयलाई कलिलैमा अविभावकत्वको भूमिका निर्वाह गर्नु परिरहेको छ । विगतमा सशस्त्र समूहका लागि सानै उमेरमा हतियार बोकेकाहरु समाजमा जेनतेन गुजारा चलिरहेको भए पनि बीचमै पढाइ छोड्नु पर्दाको गुनासो अहिलेसम्म गरिरहेका भेटिन्छन् । विगतमा पढ्दा(पढ्दै सशस्त्र समूहको जनसेनामा गएका इलाम बरबोटेका गजिन शिवा पढ्न नपाएकोमा अहिले चुकचुकाउँछन् । हाल रोजगारीका लागि खाडी मुलुक रहेका उनी भन्छन्- 'विगतको द्वन्द्वका कारण पढाइ छुटी गयो, नपढेको मान्छे साहुको ऋण थाप्लोमा बोकेर विदेश आएका छु ।'

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सहयोगमा देशभरका १७ वटा संस्थाहरुले उनीहरुलाई सहयोग गर्दै आएका थिए । सात बर्षदेखि विभिन्न ४६ जिल्लामा द्वन्द्वपीडित बालबालिकाको सामाजिक पुनः एकीकरण तथा पुनर्स्थापनाका लागि भइरहेका कार्यक्रमलाई सरकारले बीचैमा रोकेपछि बालबालिका थप प्रभावित बनेका छन् ।

संस्थाहरुमार्फत सञ्चालन भइरहेको कार्यक्रम शान्ति तथा पुनर्निर्माण मन्त्रालयले नै गर्ने भनिएको भए पनि एक वर्षदेखि बालबालिकालाई सहयोगी सावित भएको कार्यक्रम रोकिएको छ । कार्यक्रम सञ्चालन गर्नका लागि मन्त्रालयले कार्ययोजना समेत बनाइसकेको छ । तर, अहिलेसम्म कार्यक्रम शुरु गर्न सरकारले तदारुकता देखाएको छैन । जसको प्रत्यक्ष असर बालबालिकाले भोग्नु परिरहेको छ । 'द्वन्द्वपीडित बालबालिकालाई सहयोग गर्ने कार्ययोजना बनाएर मन्त्रालयले थन्क्याएको छ'-कार्ययोजना निर्माणमा संलग्न तथा बालबालिकाको सामाजिक पुनः एकीकरण तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालनमा सहभागी मानवअधिकारकर्मी प्रकाश अधिकारीले भने-'सरकार द्वन्द्वपीडित बालबालिकाप्रति गैरजिम्मेवार देखिएको छ ।' २०६७ सालमा नै कार्ययोजना बनेको भए पनि हालसम्म कार्यान्वयनमा नल्याउनुमा उनीहरुको समस्याप्रति सरकार संवेदनशील नरहेको ठहर्छ ।

# बदलियो सोच, बदलिँदैछ विद्यालय

**अम्बिका भण्डारी**
झापा



काँकडभिट्टा (झापा), ८ भदौ । झापाको दुहागढीस्थित शहिद दशरथ चन्द उच्च माध्यमिक विद्यालयमा वाल क्लव सक्रिय भएपछि विद्यार्थी र शिक्षकको दैनिक व्यवहारमा परिवर्तन आउन थालेको छ ।

आफूलाई परेको समस्या सधै लुकाउने विद्यार्थीहरु खुलेरै समस्या बताउन सक्ने भएका छन् भने क्लवको निगरानी बढेपछि शिक्षकहरु नियमित कक्षामा उपस्थित हुन थालेका छन् ।

कक्षा १० की मन्जु रिजाल आफु र साथीहरुको सोच र व्यवहारमा परिवर्तन आउनुमा बाल क्लवको योगदान रहेको बताउँछिन् ।

'हामीले आफ्नो कर्तव्य र अधिकार जान्न पाएका छौँ', उमाविमा गठित बाल क्लवको पूर्व अध्यक्ष समेत रहेकी मन्जु भन्छिन्('यो ज्ञान र अवसर बाल क्लवले नै दिएको हो ।'

दशरथ चन्द उमाविका विद्यार्थी मात्र होइन, बुधबारेस्थित बुद्ध आदर्श उमाविका विद्यार्थीहरूको बाल क्लव सम्बन्धी प्रगतिको कथा पनि चर्चायोग्य छ ।

उनीहरूले बाल भित्ते पत्रिका निकालेर विद्यालयका गतिविधि सार्वजनिक गर्दै आएका छन् । 'ध्यान लगाएर गर्दा जुन काममा पनि सफलता पाइँदो रहेछ', बुद्ध आदर्श बाल क्वलकी सदस्य लीला शेर्मा भन्छिन्( 'आफूभित्र भएका प्रतिभा थाहा नपाएर गुम्सिरहेका हामीलाई क्लवले प्रस्फुटन गर्ने माध्यम दियो ।'

झापाको ग्रामीण क्षेत्रका १० वटा उच्च माविमा मानव अधिकार मञ्च नेपालले बाल क्लव गठन गरेको छ । ज्यामिरगढी, दुहागढी, शान्तिनगर, बाहुनडाँगी, धाइजन, बुधबारे, धुलाबारी, विर्तामोडलगायतका उमाविमा क्लव गठन गरेर मञ्चले बाल अधिकारका बारेमा विद्यार्थीहरूलाई जागरुक गराउँदै आएको छ ।

मञ्चले गाविसमा बालबालिकाको क्षेत्रमा आउने बजेटको बारेमा जानकारी गराउने, नेतृत्व विकासका लागि तालिम दिनेलगायतको कार्य गर्दै आएको मानव अधिकार मञ्च नेपाल झापाका संयोजक मणिकुमार लिम्बू बताउँछन् ।

मानव अधिकार मञ्च इलामले एक बर्ष अघि शहिद दशरथ उमाविमा बाल क्लव गठन गरेको थियो । मञ्जु सहित केही विद्यार्थी पहिलोपल्ट क्लवमा सहभागी भए । 'त्यसबेला हामीलाई आफ्ना समस्या सुनाउन हिच्किचाउनु हुँदैन भन्ने नै थाहा थिएन, विद्यालय आउने र जाने बाहेक अरुमा ध्यान जाँदैनथ्यो'-उनी बताउँछिन् ।

तर बाल क्लवमा लागेर बालबालिकाका अधिकार र कर्तव्यका कुरा थाहा पाएका उनीहरुले अहिले विद्यालयको माहोल नै बदलेका छन् । हिजोको र आजको विद्यालयमा अन्तर भएको छ ।

कक्षा कोठामा शिक्षकले सोधेका प्रश्नका उत्तर दिन समेत हिच्किचाउने विद्यार्थीहरुले विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापहरु आफ्नै नेतृत्वमा गर्न थालेका छन् ।

विद्यालयमा गरिने सरसफाईदेखि लिएर फोहोर व्यवस्थापनको जिम्मा समेत विद्यार्थीले नै लिएको देखेर शिक्षक तथा अभिभावकहरु समेत चकित भएका छन् ।

मानव अधिकार मञ्चले आर्थिक सहयोग सहित यो क्लव गठन गरेपछि विद्यालयको अवस्था नै परिवर्तन भएको क्लवका संरक्षक शिक्षक सिताराम रिमाल बताउँछन् ।

उनका अनुसार विद्यार्थी आफैंले विद्यालयमा पढौं पढौं लाग्ने वातावरण बनाएका छन् । शैक्षिक गुणस्तर उकास्नका लागि विभिन्न अतिरिक्त कार्यक्रम समेत क्लवकै अगुवाईमा हुँदै आएको छ ।

क्लवले विद्यालयमा नियमित नजाने, बीचैमा कक्षा छाड्ने विद्यार्थीलाई समेत प्रेरणा दिने, निर्धक्कसँग उनीहरुको व्यक्तित्व तथा नेतृत्व विकासको अवस्था सिर्जना गर्ने लगायतका कार्यहरु विद्यालयमा भइरहेको शिक्षक रिजालको भनाई छ ।

उनीहरुले गरेका सबै गतिविधिमा चाख पूर्वक हेर्ने र आवश्यक परेको खण्डमा सल्लाहसुझाव समेत प्रदान गर्दै आएको विद्यालयका सहायक प्रधानाध्यापक लेखनाथ पौडेल बताउँछन् ।

क्लव गठनपछि स्कूल नै विद्यार्थी मैत्री बन्न थालेका छन् । क्लवको कार्य समितिमा रहेका ११ जना नै सक्रिय रहन्छन् । उनीहरूले कक्षा ६ माथिका सबै कक्षामा उपसमिति गठन गरेका छन् ।

बाल क्लवमा आवद्ध विद्यार्थीले कक्षा कोठालाई व्यवस्थित मात्र गरेका छैनन्, शिक्षकको अनुपस्थितिमा कक्षा आफै सञ्चालन समेत गर्दै आएका छन् । उनीहरूले कुनै पनि खाली पिरियडमा विद्यार्थीको अधिकार र कर्तव्यको बारेमा साथीहरूलाई प्रशिक्षण दिने गरेका छन् ।

उनीहरूले दशरथ चन्द उमाविलाई 'हाम्रो विद्यालय सफा विद्यालय' भनेर घोषणा नै गरेका छन् । विद्यालयको हाताभित्र फूलबारी निर्माण गर्ने र परिसरमा रहेको फोहोर मैला व्यवस्थापन गर्ने जिम्मा पनि उनीहरूले नै लिएका छन् । कक्षा १ देखि ५ सम्मका लागि शुक्रबार र ६ कक्षा देखि १० कक्षासम्मका लागि पालो मिलाएर प्रत्येक दिन फोहोर मैला व्यवस्थापन गर्ने जिम्मेवारी पनि उनीहरूले लिएका छन् ।

जम्मा भएको फोहोरलाई कन्टेनरमा सडाएर मल बनाउने र त्यो मल फूलबारीमा प्रयोग गरिदै आएको भनाई छ ।

'हिजो हामी बाल क्लव गठन गर्न जाँदा बोल्न डराउनेहरू आज खुलेर समस्या राख्ने र समाधानको पहल गर्न अनुरोध गर्न थालेका छन्', बाल क्लवले ल्याएको परिवर्तनबारे मञ्चका जिल्ला संयोजक लिम्बू भन्छन्-'विद्यार्थीको व्यक्तित्व र नेतृत्व विकास मात्र होइन जिम्मेवार पनि बनाएको छ ।'

उनका अनुसार क्वल गठन भएका विद्यालयको स्वरुप नै फेरिएको छ । विद्यालय सफा राख्ने, आफूलाई परेका मर्काका विषयमा व्यवस्थापन समितिमा समेत कुरा लैजाने, विद्यालयमै भित्ते पत्रिका निकालेर आफ्ना लेख रचनाहरू प्रस्तुत गर्ने, हाजिरी जवाफ तथा अन्य अतिरिक्त कार्यक्रम गर्ने लगायतका कार्यहरू भएको पाइएको संयोजक लिम्बूको भनाई छ ।

विद्यार्थीहरूले विद्यालयको सय मिटरको दुरीसम्ममा धुम्रपान, मध्यपान बेच विखनमा समेत रोक लगाएका छन् । उनीहरूले समयमा विद्यालय नआउने शिक्षकलाई गेटमा ताला लगाएर रोक लगाउने समेत गरेको उनले बताए । विद्यार्थीले लगाएको ताला खोलेर आउन शिक्षकहरू हच्किने गर्नाले विद्यालयको पठनपाठन नियमित भएको छ ।

जिल्ला बाल कल्याण समिति झापामा हालसम्ममा ८३ वटा बाल क्लव गठन भइसकेका छन् । थप २८ वटा क्लव दर्ताका लागि सम्पर्कमा आइरहेको बालकल्याण समिति झापाकी अधिकृत लक्ष्मी कँडेल बताउँछिन् ।

हालसम्ममा विद्यालयस्तरका ३८ वटा र समुदायस्तरका ६३ वटा बाल क्लव गठन भइसकेका छन् । ती क्लवहरूमा २ हजार बालबालिका आवद्ध रहेको अधिकृत कँडेलको भनाई छ । उनका अनुसार जिल्लामा प्रत्येक बर्ष बालबालिकाको भेला समेत हुँदै आएको छ ।

'क्लव गठनपछि बालबालिकाको नेतृत्व विकासका साथै मेलमिलाप भावनाको विकास भएको छ', अधिकृत कँडेलले भनिन्-'बाल क्लवको जिल्ला भेलामा आउँदा उनीहरूले बर्षभरि गरेका गतिविधिका बारेमा रिपोर्ट समेत बनाएर ल्याउने र प्रस्तुति गर्ने काम आफैँ गर्छन् ।'

# बर्खान्तको ऋण तिर्दै बालक



**आनन्द गौतम**
ताप्लेजुङ

लेलेप (ताप्लेजुङ) आफ्ना अभिभावक गुमाउदाको पीडा कसलाई हूदैन र रु त्यो पनि नावालक अवस्थामै । तर जानी नजानी पिडा सहन वाध्य कतिपयले पीडामाथीको पीडा भोग्नु पर्छ । जिल्लाको एक दुर्गम गाउका १० वर्षिय वालक दिवंगत पिताको बर्खान्त (तरनतारन) मा लागेको खर्च गोठालो बसेर भुक्तान गरिरहेका छन् । पढ्दा पढ्दैको स्कुल छोडेर गोठालो बस्न बाध्य लेलेप गाविस ३ टाूसिगाउ का १० वर्षिय दोर्ची शेर्पा विहान वेलुका घाूस दाउरा गर्छन र दिनभरी गाई चराउछन् । तीन वटा माउ गाई र तीनका बाच्छाबाच्छि स्याहार्ने जिम्मेवारी पाएका उनी त्यसलाई घाूसखोले गर्ने, खुवाउने, दुध दुहुने समेतको कर्तब्य पुरा गर्छन । उनकै भनाइमा त्यती गरेवापत आमाले लिएको ऋृणवाट बर्षमा १० हजार रुपैंया चुक्ता हुन्छ । दोर्चीका वावु धनवहादुर शेर्पाको डेढ वर्षअघि मृत्यु भयो । जण्डिस रोगवाट ग्रसित उनको लेलेपको सरस्वती च्यारिवुक उच्च मावि छेउमा काम गर्दागर्दै प्राण गयो । गाउ समाजले घर पुर्याएको मृत पिताको शरिरलाई सुम्सुम्याउदै 'अव यी छोराछोरी कसले पढाउला, कसरी खानदिनु' भन्दै आमा बेस्सरी रोएको याद दोर्चीलाई छ । त्यतीवेला उनी लावाजिन प्राथमिक बिद्यालयमा कक्षा १ मा पढ्थे । मृत्यु केहो भन्ने राम्रो नवुझ्केका उनले आमाको रोदनमा साथभने दिएका थिए । अव वावु फर्किदैनन भन्ने थाहा नभएपनि आमा रोएको देख्ता नथामिएका आसु झार्दै बेस्सरी रोएका थिए । त्यसको छ महिना नवित्तै उनी आमाको पछिपछि लागेर साहुकोमा गोठालो वस्न पुगे । दोर्चीकी जेठी भाउजु ललिता राईका अनुसार तीन सन्तानकी आमा (दोर्चीकी आमा) दावाफुटी शेर्पाले बर्खान्त गर्ने पैसा कतै पाउन सकिनन् । देवरलाई जवानी राखेर माइलो छोरो ग्यावु शेर्पालाई गोठालो राख्ने सर्तमा ६० हजार रुपैंया ऋृण काढिन् । बर्खान्त पछि ग्यावु साहुकोमा गए । उनिहरुलाई लुङथुङका प्रेम शेर्पाले ऋृण दिएका छन् । एक महिनापछिनै ग्यावु त्यहावाट भागेर हिडे । ललिताका अनुसार साहुले पैसा वुझाउ भनेपछि दावाफुटीले कान्छोछोरो पुर्याइदिइन । दोर्चीका जेठा दाजु पेम्वा शेर्पा सूग विवाह गरेकी ललिताको परिवार छुट्टिएर आधा घण्टाको दुरीमा अर्काको जग्गा कमाएर बसेका छन् । ललिताले २१ हजार रुपैंया तिरेको र बाूकि पैसा वुझाएर निकाल्ने सल्लाह घरमा कहिलेकाही हुने गरेको वताइन् । प्रेमले भनें त्यो पैसावाट काटिने गरी नराखेको वताए । 'त्यो परिवार सूग मैले ब्यवहार गरेको थिइन, उनको देवरसूग थियो, पैसा छैन भन्दापनि उनिहरुले ढिपि गरेपछि अलैंची चिराइतो बेचेर तिर्ने सर्तमा दिएको हु,' टेलिफोनमा उनले भने, 'उसलाई (दोर्चीलाई) छुट्टै दिने हो, तर कतिदिने भन्ने यकिन छैन ।' उनले स्कुल गए पढाउछु भनेपनि नगएको दावी गरे । तर वालकले यो क्षेत्रमा शैक्षिक सुधारमा काम गर्दै आएको संस्था रिड नेपालका कार्यक्रम संयोजक राजेन्द्र पन्तसूग एक महिनाअघि स्कुल जाने इच्छा देखाएका थिए । लावाजिन प्राविका प्रधानाध्यापक प्रेम राईका अनुसार दोर्ची पढाइमा ध्यान दिने वालकको सुचिमा पर्छन । प्रेमका अनुसार दोर्चीको परिवारले साूवा रकम मात्रै ५२ हजार तिर्न बाँकी छ । सय कडा दुई रुपैंयाले ब्याज तिर्नेगरी कागत गराएर पैसा दिएको प्रेमले वताए ।

## आमा

**ममता थुलुङ्ग राई**

सारा दुनीयाँलाई जीते पनि
सन्तानको खुसीको लागि हार्छिन्
यसको कारण बुझ्ने प्रयास गर्‍यौं ?
किनकी उनी तिमीलाई माया गर्छिन् ।

कुलतमा लाग्न बाट उनी बचाउँछिन्
तिम्रो हरेक गल्तीलाई उनी सच्चाउँछिन्
घरको सम्पुर्ण जिम्मेवारी उनि सम्हाल्छिन
तिम्रो सुख दुःखमा उनी साथ हुन्छिन्

तिम्रो हरेक दुःख उनी सम्हाल्छिन्
तिमी बिरामी हुँदा उनी स्याहार्छिन
कहिले गर्छिन् घाँस पात कहिले जान्छिन मेला
यस्तो असल आमालाई नगर है हेला

कक्षा ८, डम्बरदेवि उमावि, चमैता-६, इलाम

# म अभियन्ता बनें

**विन्दा उप्रेती**
जिल्ला संयोजक, तेह्रथुम



बालअधिकारको साथै शान्ति शिक्षा र बिद्यालय शान्ति क्षेत्रको बिषयमा काम गर्ने एउटा पहिलो संस्थाको रुपमा मानवअधिकार मञ्च नेपाललाई लिन सकिन्छ । यस संस्थाले बिगतमा मेची अञ्चलका ४ वटा जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाइ कार्य गर्ने सिलसिलामा क्षेत्र बिस्तारको आवश्यकता महशूस गरी कोशी अञ्चलका ३ जिल्ला थप गरी काम गर्ने सिलसिलामा अगष्ट १५,२०१४ मा तेह्रथुम जिल्लामा कार्यक्रम लागु भयो । कार्यक्रमलाई तेह्रथुम जिल्लामा क्रियाशील संस्था देउराली सोसाइटी तेह्रथुमसँग समन्वयकारी भुमिका निर्वाह गरेको थियो ।उक्त कार्यक्रम मार्फत तेह्रथुम जिल्लामा कार्यक्रम संयोजकको भूमिका मार्फत प्रत्यक्ष रुपमा बालअधिकारको क्षेत्रमा कामगरी फरक रुपमा समाजसँग चिरपरिचित भइ घुलमिल हुने सुनौलो अवशर प्रदान गर्ने संस्थाद्धयलाई म मेरो जिवनको पथप्रर्दशकको रुपमा लिन चाहन्छु । जुन मेरो रुचीको विषय पनि थियो । मानवअधिकार मञ्च नेपाल इलाम र देउराली सोसाइटी बालअधिकार, महिला अधिकार, लैङ्गिक जस्ता सामाजिक समस्याका क्षेत्रमा समान प्रकृतिका कामहरु कहिले एकतावद्ध भएर त कहिले आआफ्नो क्षेत्रबाट गर्दै खारिएका संस्थाहरु हुन र उनीहरु सँग रहेर काम गर्नपाउनु पनि मेरो ठूलो अवसर थियो ।

भौगोलिक रुपमा ३ वटा क्षेत्र आठराइ, छत्तथर र फेदापमा बिभाजित भएको तेह्रथुम जिल्लाका ४ वटा गाबिस र १ नगरपालिका का ५ वटा बिद्यालयमा “बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना” कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमले बालबालिकालाई अधिकारको प्रत्यक्ष अनुभुत दिलाई बिद्यालयहरुमा शान्ति शिक्षाको अवधारणा बिकाश गरी शान्तिपुर्ण समाज निर्माणको निमित्त महत्वपुर्ण भुमीका निर्वाह गर्दै आइरहेको छ । समन्वयकारी संस्था देउराली सोसाइटी तेह्रथुममा फिल्ड कार्यलय बनाइ आठराईमा सक्रान्तिबजार गाबिसमा कृष्ण उमाबि डाडाँगाउ,फेदापमा सिम्ले गाबिसमा महाकाली उमाबि सिम्ले,जलजले गाबिसमा शकर उमाबि जलजले, म्याङ्लुङ नगरपालिकामा सिंहवाहिनी उमाबि र छत्तथरको दाँगपा गाबिसमा सिंहवाहिनी माबि मा कार्यक्रम सञ्चालन गरियो । म आफु र कार्यक्षेत्रलाई हेर्दा बालबालिकाको क्षेत्रको यो कार्यक्रम अगाडि बालअधिकारको बिषयमा त्यति बुझाइ रहेको थिएन, जब म कार्यक्रममा प्रवेश गरे सगैं बालअधिकारको क्षेत्र र यस क्षेत्रमा गर्नुपर्ने क्रियाकलाप प्रतिको बुझाइमा बिकाश भयो ।म मा समाजलाई फराकिलो दृष्टिकोणले हेर्ने र काम गर्नुपर्ने सोचको विकास भयो । कार्यक्रममा विद्यालयमा बालक्लब गठन,तालिम,बालसंरक्षण समितिहरु गठन,तालिम, पत्रकारहरु मार्फत् बालबालिकाहरुका इस्यु खोज्न प्रेरीत गर्दै गाबिसस्तरमा राजनितिक पार्टीहरु सँग छलफल समन्वय सहकार्य गरी ,स्थानिय निकायमा बालबालिकाको लागी विनियोजन हुने बजेटको प्रभावकारी कार्यान्वयन गर्न ,गराउन र अर्थपुर्ण बालसहभागीतालाई जोड दिनका लागी गर्दै आएका काम र बिद्यार्थीहरुमा आएको परिवर्तन नै महत्वपुर्ण उपलब्धि हो । कार्यक्रमलाई द्रुत गतिमा लगी उपलब्धि र फलदायी बनाउन बालदुर्व्यबहारलाई न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरी बालसहभागीता, बालबचाउ, बालबिकास र बालसहभागिता सगै उनीहरुको बिकासको अधिकारलाई सुनिश्चित गर्नका निमित्त समुदायलाई समेत प्रेरणाको श्रोत र यसको भागीदार बनाउनु मेरो पहिलो जिम्मेवारी थियो ।

अहिले आएर मलाई यो जिम्मेवारीलाई बुद्धिमतापुर्ण रुपमा सफल पारेको अनुभुत भएको छ । कार्यक्रममा

प्रवेश गर्नु अगाडि र कार्यक्रम पछाडिको समाज, संस्था सरकारी र गैह्रसरकारी निकायका व्यक्तित्वहरुको हेराइमा साच्चिकै जिल्लामा बालअधिकारको बिषयमा सरल रुपमा काम गर्नुका साथै नेतृत्वदायी भुमिका निर्वाह गर्नसक्ने मान्छेको रुपमा गनिन पाएकोले म मा अझै बढी आटँ, साहस र धैर्यतामा बृद्धि भएको भान हुन्छ। जिल्लामा बालअधिकारको क्षेत्रमा काम गर्ने र अधिकारको वकालत र संरक्षण गर्ने सामाजिक अभियान्ताको रुपमा चिन्न थालेका छन् वास्तवमै बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था देउराली सोसाइटी हो भन्ने बुझाइ भएको छ। कार्यक्रमको बिषयमा संचार माध्यमबाट संम्प्रेषण गरीरहँदा कार्यक्रमप्रतिको हेराइ र बुझाइमा निखारता आउन थालेको छ। कार्यक्रमलाई आफ्नो स्कुलमा पनि ल्याइदिनु भन्ने बिद्यालयका प्रधानाध्यापक र सरोकावालाहरुको माग छ भने सरकारी निकायका प्रमुखहरुबाट जिल्ला कभरेजको कार्यक्रम ल्याउन पहल गर्न आग्रह भएको छ। यसले जिल्लामा कार्यक्रम प्रभावकारी रहेको पुष्टि गर्दछ।

कार्यक्रम सकिए पनि समुदायमा हुने गरेका बालबिबाह र आत्महत्याका घटनालाई रोक्न, र सचेतनाका लागि सहजीकरणका लागि मलाई पनि निम्ता आउँछ। त्यति मात्र नभएर बिद्यालयहरुले गाबिसमा रकम माग गर्न प्रस्ताव पत्र समेत तयार गर्न अनुरोधहरु आउँदछन्। बिद्यार्थीले बिद्यालयमा कार्यक्रमको आयोजना गर्दा समेत अनिवार्य उपस्थितिको निमन्त्रणा आउँछ। भेटघाट र छलफलको अपेक्षा निरन्तर आउँदछन्। कार्यक्रमबाट छोराछोरीमा आएको परिवर्तन देखेर अविभावकले समेत भेट्न र कुरागर्न आउने गरेका छन्। समग्रमा यो नै मेरो जिवनको महत्वपुर्ण उपलब्धि ठानेको छु। म एकजना हिजो कोही त थिएँ होला तर आज म धेरैले बाल अधिकारको अभियन्ता भनेर भनेर खोज्ने व्यक्तिको रुपमा स्थापित भएको छु। कार्यक्रम सकियो तर मेरो अभियन्ताको जीवनको सुरुवात भयो। जसको श्रेय मानव अधिकार मञ्च नेपाल इलाम र देउराली सोसाइटी तेह्रथुलाई दिन चाहन्छु। म जहाँ रहे पनि मेरो अभियान सफल हुन्छ। हाम्रो अभियान सफल हुन्छ र यहि अभियानमा क्रियाशील रहन्छु।

## कविता

**लिला शेर्मा**

असफलता नै जीवनको साथी रहेछ
सफलता नै केवल पाहुना रहेछ
आँशु नै जीवनको सहयात्री रहेछ
हाँसो त केवल क्षणको गहना रहेछ

हृदय भरि नै चोटै चोट भए पनि
कलिला ओठले हाँसेको छु
जीवनको अर्थ नभए पनि
विना साथमा बाँचेको छु

यो दुःखी जीन्दगीमा कहिल्यै
आउन्न सुनौलो विहानी
यो एक्लो जीन्दगीमा कहिल्यै
सकिन्न दुःखमय कहानी

कक्षा १० बुद्ध आदर्श उमावि, वुधबारे-७, झापा

## गीत

**मिलन रसाईर्ली**

हेर न साथी क्या राम्रो फुल
बनैमा फुलेको, अरुले स्कुल गएको देख्दा
हाम्रो मन रोएको, ओए....ओए...कोपिला देखेर
पढ्न लेख्न जाउँ साथी
समस्या त्यागेर-२
बा आमा हामीलाई लगाउँछन काम
घाँस र दाउरामा, पढ्नु त के हो खान र लाउन
मुस्किल छ घरैमा, ओए....ओए...कोपिला देखेर
पढ्न लेख्न जाउँ साथी
समस्या त्यागेर-२
सानै देखि गरौं काम, बा आमाले भन्दा
चट्टै गरी विर्सिदियौं स्कुल जाने धन्दा
अरु वोक्छन किताव कलम, हाम्रो आँशु झर्छ
भविष्यलाई सम्झि सम्झि मनमा पिर पर्छ।
ओए....ओए...कोपिला देखेर, पढ्न लेख्न जाउँ साथी
समस्या त्यागेर-२
कक्षा १०, श्री वुद्धआदर्श उमावि, वुधवारे झापा,

# परियोजना अन्तर्गतका गतिविधिहरू

## गाउँ/नगर बाल संरक्षण तथा सम्वर्द्धन उपसमिति गठन तथा अद्यावधिक:

परियोजना सञ्चालन भएका ७ वटा जिल्लाका ४० वटै गाविस तथा नपाहरुमा बालबालिकाको संरक्षणको क्षेत्रमा काम गर्ने गाउँ बाल संरक्षण तथा सम्वर्द्धन उपसमितिको गठन तथा अद्यावधिक गरिएको छ । बालअधिकारको क्षेत्रमा क्रियाशिल सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहनेगरि स्थापित संरक्षण समितिमा गाविस/नपा, स्वास्थ्य, बाल सञ्जाल, शिक्षक, बुद्धिजिवि लगायतको सदस्यहरु रहेका छन् ।

## गाउँ/नगर बाल संरक्षण तथा सम्वर्द्धन उपसमितिलाई तालिम :

परियोजना अन्तरगत गठन भएका बाल संरक्षण समिति र बालबालिकासँग सरोकार राख्ने स्थानीय स्तरमा रहेका राजनितिक दलका प्रतिनिधि,



सरोकारवाला संघसंस्थाहरु जस्ता सरोकारवालाहरुको सहभागीतामा ३ दिने तालिम सञ्चालन गरिएको छ । तालिममा मानवअधिकार, बालअधिकार, बालअधिकार प्रवर्द्धनमा स्थानीय निकाय तथा सरोकारवालाहरुको भुमिका, बालअधिकारको प्रभावकारी कार्यान्वायनको लागि आगामी कार्यायोजना निर्माण जस्ता विषयहरुमा छलफल भएको हो ।

## संरक्षक शिक्षकहरुलाई पुर्नताजगी :

अघिल्लो परियोजना अनुसार गठन भएका मेची अञ्चलनका ४ जिल्लाका २५ जना संरक्षक



शिक्षकहरुको लागि २ दिने पुर्नताजगी तालिम इलाममा सम्पन्न भएको छ । २०७२ साउन ३ र ४ गते सञ्चालित तालिममा अनुभव तथा सिकाई आदानप्रदान, बालक्लवको दिगोपनाको लागि आगामी योजना, बालक्लवका कृयाकलापहरु, नेतृत्व विकास, बालकोषको विकास सम्वन्धमा छलफल आदानप्रदान भएको छ ।

## बालक्लवलाई पुर्नताजगी तालिम :

अघिल्लो परियोजनामा गठन भएका मेचीका ४ वटै जिल्लाका बालक्लवका पदाधिकारीहरुसँग पुर्नताजगी तालिम मार्फत बालक्लवको अभ्यास आदानप्रदान,



सम्भावना, समस्या र उपलब्धि, बालक्लवको दिगोपना जस्ता विषयहरुमा छलफल भयो। । पुर्नताजगी ०७२ साउन ७, ८ मा झापा र इलामका ३० जना र साउन ९, १० मा  पाँचथर र ताप्लेजुङ्गका २० जना गरि ५० जना बालक्लवका विद्यार्थीहरुलाई सहभागी गराएर छलफल गरिएको हो।

## भित्तेपत्रिका प्रकाशन तथा पुस्तकायलय व्यवस्थापन सम्वन्धी तालिम :

परियोजना सञ्चालन भएका जिल्लाहरुमा बालक्लवका पदाधिकारीहरुको लागि भित्तेपत्रिका लेखन, प्रकाशन र पुस्तकालय व्यवस्थापन सम्वन्धी तालिम सम्पन्न भयो। पुस्तकालयको अवधारणा, परिचय र महत्व, पुस्तक र पुस्तकालय व्यवस्थापन, पुस्तकको प्रयोग






र सुरक्षा, भित्तेपत्रिकाको परिचय र आवश्यकता, भित्तेपत्रिकाको विधा र प्राथमिकता दिनुपर्ने पक्षहरु, भित्तेपत्रिकाका प्राविधिक पक्षहरु, समाचार लेखन जस्ता विषयहरुलाई समेटेर बालक्लवका पदाधिकारीहरुलाई ३ दिनसम्म छलफल अभ्यास गराइएको हो। तालिममा इलामका नयाँ, पुरानो बालक्लवका गरि ४० जना, पाँचथर, ताप्लेजुङ्ग, र झापाका नयाँ पुरानो गरि २०/२० जना र संखुवासभा, धनकुटा र तेह्रथुमका नयाँ बालक्लवका १०/१० जना गरि यस तालिममा जम्मा १३० विद्यार्थीहरु सहभागी भएका छन्।

## सार्वजनिक सुनुवाई :

परियोजना अन्तरगत गठन भएका ७ वटै जिल्लाका नयाँ ४० र पुराना २५ गरि ६५ वटै गाविस तथा नगरपालिकाहरुमा बालबालिका सम्वन्धी बजेटको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो। मानव अधिकार मञ्च नेपालको सहयोगमा बालक्लव, बाल संरक्षण समिति र गाविस/नपाले संयुक्त आयोजनामा सम्वन्धीत गाविस/नगरपालिकाहरुमा सार्वजनिक



सुनुवाई सम्पन्न भएको हो। कार्यक्रममा स्थानीय निकायको सेवा सुविधा, बालबालिकाको १० प्रतिशत बजेटबाट भएका क्रियाकलापहरु, आगामी योजना लगायतका विषयमा गाविस सचिवहरुले प्रतिवेदन प्रस्तुत गरेका थिए भने सहभागीहरुले राज्यको सेवा प्रवाहलाई सहज वनाउन र बजेटबाट हुने विभिन्न क्रियाकलापहरुलाई प्रभावकारी वनाउन आ-आफ्नो

सुझाव, जिज्ञासा राखेका थिए । सहभागीबाट आएका विचारहरुमा सम्वन्धीत सरोकारवालाहरुले जवाफ दिएका हुन् । सार्वजनिक सुनुवाई सम्वन्धीत गाविस/नपा, राजनितिक दल, वडा नागरिक मञ्च, संघसंस्था, शिक्षक, विद्यालय व्यावस्थापन समिति, बालक्लव, अभिभावक लगायतका सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भएको हो । धेरै गाविसहरुमा सार्वजनिक सुनुवाई पहिलो भएको र स्थानीय राज्य र नागरिकहरुको विचमा सम्वन्ध स्थापित गर्न तथा राज्यबाट प्रवाह गरिने सेवाहरुहरुको प्रभावकारी कार्यान्वायन गर्नको लागि सार्वजनिक सुनुवाई महत्वपुर्ण हुने कार्यक्रममा उपस्थित सरोकारवालाहरुको निश्कर्ष रहेको छ ।

### नवगठित बालक्लवलाई पुर्नताजगी तालिम :

परियोजना सञ्चालन भएका ७ वटै जिल्लाका बालक्लवका विद्यार्थीहरुको सहभागीतामा पुर्नताजगी सम्पन्न भएको छ । तालिममा बालक्लवको अनुभव, अभ्यास आदानप्रदान, सम्भावना, समस्या र उपलब्धि,



बालक्लवको दिगोपना, बालकोष स्थापना जस्ता विषयहरुमा छलफल भएको हो । इलाम र झापाको १५ वटा बालक्लवको ३० जनालाई २०७२ साउन २४, २५ मा इलाममा, पाँचथर र ताप्लेजुङ्गको १० बालक्लवका २० जनालाई भदौ २, ३ मा पाँचथरमा, तेह्रथुम र धनकुटाको १० बालक्लवका २० जनालाई साउन २८, २९ गते तेह्रथुममा र संखुवासभाको चैनपुरमा ५ बालक्लवका १० जना पदाधिकारीहरुलाई साउन २७ , २८ मा तालिम प्रदान गरिएको हो । यस तालिममा ८० जना बालबालिकाहरु सहभागी भएका छन् ।

### आन्तरिक अनुगमन तथा मुल्यांकन :

परियोजनाद्धारा सञ्चालित विभिन्न क्रियाकलापहरुको प्रभावकारीतालाई अध्ययन गर्ने उद्देश्यले ७ वटै जिल्लामाको मुल्यांकन समितिले विभिन्न समयमा



क्रियाकलाप सञ्चालित गाविस तथा विद्यालयहरुमा अनुगमन गरेको छ । जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला बालकल्याण समिति, जिल्ला विकास समिति, गैसस महासंघ, नेपाल पत्रकार महासंघ, समन्वय संस्थाका प्रतिनिधिहरु, कार्यक्रम संयोजक रहेको मुल्यांकन समिति जिल्ला स्तरमा निर्माण भएको थियो ।

### बाह्य अनुगमन तथा मुल्यांकन :

कार्यक्रमको प्रभावकारीतालाई लिएर बाह्य अनुगमन सम्पन्न भएको छ । परियोजना सञ्चालन भएका केहि जिल्लाका केहि विद्यालयहरु, बाल संरक्षण समिति, बालक्लव, राजनीतिक दल, गाविस सचिव लगायतसँगको भेटघाट र कुराकानीका आधारमा अनुगमन भएको छ । यसको अनुगमन मुल्यांकन

दिल प्रसाद थापा मगरले गर्नुभएको छ भने परियोजनाको प्रभावकारीताको अध्ययन राज्यको तर्फबाट समाजकल्याण परिषदको समुहले गरेको हो ।



## नियमित रेडियो कार्यक्रम प्रशारण :

बालबालिकाहरुसँगका विभिन्न रचनात्मक प्रतिभालाई सञ्चार माध्यमबाट उजागर गर्ने, बालअधिकार प्रवर्द्धनमा सरोकारवालाहरुलाई जिम्मेवार वनाउने उद्देश्यले परियोजना सञ्चालन भएका मेचीका ४ र कोशिका धनकुटा, तेह्रथुम र संखुवासभा गरि ७ जिल्लाका ८ वटा रेडियो मार्फत "शान्तिका लागि हाम्रो अभियान" नामक रेडियो कार्यक्रम सञ्चालन भइरहेको छ ।

## बालक्लवद्धारा अतिरिक्त क्रियाकलाप सञ्चालन :

परियोजना अन्तरगत गठन भएका सवै जिल्लाका सवै बालक्लवहरुले बालदिवस, शिक्षा दिवश, गुरुपुर्णिमा, विद्यालयको वार्षिक उत्सव जस्ता अवसरहरुमा विभिन्न क्रियाकलापहरु आयोजना गरेका छन् । बालक्लवले हाजिरिजवाफ, साँस्कृतिक कार्यक्रम, खेलकुद, सड्क नाटक, वादविवाद, फूलबारी निर्माण,



वक्तृत्वकला जस्ता क्रियाकलापहरु मानव अधिकार मञ्चको सहयोगमा सञ्चालन गरेका छन् ।

कथा

## लोभले विलाप

प्रकृति घिमिरे

एउटा गाउँमा एकजना महा कञ्जुस व्यापारी वस्दथ्यो । उ दिनरात रुपियाँ पैसा कमाउनेमा लाग्दथ्यो । आफुले पनि गाउँलेहरुलाई ठगेर अत्याचार गरेको र दवाई पानी किन्न सम्म सहयोग नगरेको कारण कमाउनलाई आफुले कस( कसलाई ठग्नुपर्छ भन्ने मात्र धुन रहन्थ्यो । आफुले यसरी ठगेर कमाएको पैसाको लोभले गर्दा घरकै परिवारमा पनि कसैप्रति ध्यान दिने उसको फुर्सद थिएन । यसकारण विस्तारै उसकी श्रीमतीलाई पनि विराम बढ्दै गयो । यस्तै रुपियाँ पैसा कमाउने धुनले गर्दा उसले रोगी आफ्नै श्रीमतीको उपचार गर्न चाहिने दवाई पानीमा खर्च गर्नसमेत कञ्जुस गऱ्यो । उपचार नपाएपछि अन्तमा एकदिन स्वास्नीको पनि मृत्यु भयो । उसका छोरावुहारी पनि थिए । छोरावुहारीले पनि उसको धनसम्पतीमाथि हस्तक्षेप गर्लान भन्ने शंका लाग्न थाल्यो उसलाई । अनेक वहानावाजी गरि उसले आफ्नो छोरावुहारीलाई पनि घरवाट निकालीदियो । अव भने उ आफुसँग भएको रुपियाँ पैसा कसैले लैजान सक्दैन भनेर ढुक्क महशुस गर्न थाल्यो । दिनहरु वित्दै गयो । उसले गाउँका मानिसहरुलाई ढाँटेर, ठगेर अझै धेरै धन कमायो । घरभित्र चारैतिर रुपियाँ पैसा मात्र थियो । उ एक्लै थियो । समय वित्दै जाँदा उ विरामी हुन थाल्यो । एकदिन उसको टाउको साह्रै दुख्यो । पहिला त दवाई किन्नमा धेरै खर्च होला भनेर किनेन । औषधि नभएकाले उसको टाउको दुःखाई बढ्दै गयो । भोलिपल्ट झन साह्रो टाउको दुःख्यो । घरवाहिर निस्कि दवाई किन्न जान सक्ने अवस्था समेत रहेन अव उसको । अव भने उ नितान्त एक्लो र कमजोर महशुस गर्न थाल्यो । उसले खिड्कीवाट वाहिर यताउता आउजाउ गर्ने गाउँलेहरुलाई दवाई किनेर ल्याइदिन आग्रह गऱ्यो । बरु वक्सिसको रुपमा थुप्रै पैसा दिने पनि वतायो । तर कसैले पनि उसको कुरा सुनेनन् । अब भने बल्ल उसलाई आफ्नो स्वास्नी, छोरावुहारीको याद आयो । तर समय धेरै पर पुगिसकेको थियो । पैसाको लोभले गर्दा अरुलाई सताएको थुप्रै कारणहरुको परिणामले यस्तो भएको भन्ने वुझेर पश्चाताप गर्न वाहेक उसित कुनै विकल्प थिएन अब । हामि पैसा भए सवैथोक हुन्छ भन्छौं । तर पैसा भएर मात्र केहि हुँदैन रहेछ । राम्रा कामहरु पनि गर्नुपर्दोरहेछ । श्रीमती, छोरावुहारी, इस्टमित्र, गाउँलेहरुसँग मिलेर वस्नुपर्दोरहेछ । आफ्नो फाइदाको निम्ति कसैलाई कष्ट पुऱ्याउनुहँदैन रहेछ भनि त्यस लोभी व्यापारीले आफैंलाई धिक्कार्दै विलाप गर्न थाल्यो । तर समय वितिसकेको थियो ।

-कक्षा १० मेची जनसाधारण उमावि, वाहुन्डाँगी झापा

# बाल अधिकारको यात्रा र मानव अधिकार मञ्च

**देवेन्द्र विश्वकर्मा**
कार्यकारी निर्देशक
मानवअधिकार मञ्च नेपाल



मानव अधिकार मञ्च नेपाल इलामले आफ्नो स्थापनाकालदेखि बाल अधिकारको रक्षा र सम्बर्द्धनका लागि विभिन्न दातृनिकायहरुको सहयोगमा कार्यगर्दै आएको छ। शुरुमा इलाम जिल्लाका पन्ध्रवटा माध्यमिक विद्यालयमा संचालन गरेको यो कार्यक्रम हाल पूर्वाञ्चलका सातवटा जिल्ला संखुवासभा, धनकुटा, तेहूथुम, ताप्लेजुङ्ग, पाँचथर, इलाम र झापा जिल्लाका ६५ वटा गाविस तथा नगरपालिकामा अवस्थित माविहरुमा रहेको छ। नेपाल पक्षराष्ट्र भएको बालअधिकार महासन्धि र नेपालमा बालबालिका सम्बन्धि ऐनको कार्यान्वयनमा प्रभावकारी कार्यान्वयनका लागि राज्यलाई सहयोग गर्ने बालबालिकाहरुलाई उनीहरुको अधिकारकोबारेमा जानकारी गराउँदै बाल संगठनका माध्यमबाट आफ्नो अधिकार प्राप्ती गर्नका लागि उनीहरुको नेतृत्व क्षमताको विकास गराउने उद्देश्यका साथ थालनी गरिएको यो अभियानलाई बिगत वर्षदेखि **जर्मनस्थित किन्नरमिशनरेक** नामक संस्थाले आर्थिक सहयोग प्रदान गरेको छ। नेपाल सरकारबाट बालबालिकाको विकासका लागि अन्तरिम संविधान २०६३ मा र अन्य थुप्रै कानुनहरुको निर्माण मार्फत स्थानीयकरण गरेको छ। स्थानीय निकायको विकास बजेटबाटै बालक्लबहरुको निर्माण, बालबालिकाहरुलाई लक्षितवर्गको सूचीमा समावेश गरी स्थानीय निकायको परिषदमा बालप्रतिनिधिहरुको व्यवस्थापन जस्ता महत्वपूर्ण कार्य राज्यको तर्फबाट भएपनि प्रभावकारी कार्यान्वयनका लागि सहजीकरणमा समन्वयकारी भूमिका निर्वाहगर्ने सहयोगीकोरुपमा संस्थाको सहयोग रहेको छ।

बालबालिका शान्तिक्षेत्र हुन्। उनीहरुको सर्वाङ्गीण बिकासमा राज्य र सरोकारवालाहरुको अहं भूमिका रहन्छ। सबै प्रकारका द्वन्द्व, प्राकृतिक विपद तथा राजनीतिक सरोकारका आन्दोलनबाट मुक्त रहन पाउने अधिकारको कार्यान्वयन अझै हाम्रो देशमा हुन सकेको छैन। बन्दहड्ताल, विभिन्न आन्दोलनका मागलाई स्थापित गराउनका लागि सडक र विद्यालयहरु यसका शिकार हुने गरेको वर्तमान परिवेश कायमै रहेको छ भने विगतको सशस्त्र द्वन्द्वको प्रभाव तथा त्यसबाट उत्पन्न मानसिक तनावको असरहरु समेत समाजमा कयमै छन्। यसबाट बालबालिमा परेको असरको न्यूनीकरण गर्न, राज्यबाट प्रवाह भएको बजेटका आधारमा बालकदेखि बालकसम्म, बालकदेखि अभिभावकसम्म पुऱ्याउनका लागि उनीहरुको क्षमताको विकास र राज्य तथा स्थानीय निकायका काममा सहयोग पुऱ्याउन, स्थानीय निकायमा सार्वजनिक सुनुवाईमार्फत बालबालिकाको बजेटको पारदर्शिता, जवाफदेहीता निर्माण गरी न्यूनतमशर्त मापनका आधारमा स्थानीय निकायलाई सहयोग गर्नु, बालबालिका माथिहुने दुर्व्यबहार नियन्त्रणका लागि स्थानीय सरोकारवालाहरुलाई सहयोग गर्नु, बालबालिकमाथि परेको द्वन्द्वको असर न्यूनीकरणका लागि मनोसामाजि तथा मनोविमर्श सेवा प्रदान गर्नु, बालअपराधका घटनाहरुलाई बाहिर ल्याई दण्डहिनताको अन्त्यका लागि सहयोग गर्नका लागि संस्थागत कानुनी सल्लाह र सहयोग प्रदान गर्ने, द्वन्द्व संवेदनशीलतालाई ध्यानमा राख्दै बालबालिका शान्तिक्षेत्र अभियानलाई सहयोग गर्ने उद्देश्यका साथ संचालन भएको यो कार्यक्रममा समाजस्पर्श समिति संखुवासभा, देउराली सोसाइटी तेहूथुम, सामुदायिक विकास मञ्च धनकुटा, महिला जनचेतना केन्द्र झापा, मानवअधिकार र चेतना विकास केन्द्र पाँचथर र मानव अधिकार तथा वातावरण संरक्षण मञ्च ताप्लेजुङ्गका स्थानीय क्षेत्रमा कामगरिरहेका सँस्थाहरुसँग समन्वयात्मक सहयोगले यो कार्यक्रमको प्रभाकारी कार्यान्वयन, सम्बन्धित जिल्लाका सरोकारवाला निकायहरुसँग समन्वय र स्थानीय निकायहरुका कार्यमा प्रशंसनीय सहयोग उपलब्ध भएको छ।

**कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी बनाई आगामी दिनमा बालबालिकाको क्षेत्रमा देखिएका समास्याहरुको निराकरणमा सहयोग गर्नका लागि स्वतन्त्र तेश्रोपक्षको मूल्याङ्कन र नेपालसरकार समाजकल्याण परिषदबाट हुने अनुगमन मूल्याङ्कनका आधारमा आएका सुझावहरु सहित आगामी दिनमा बालबालिकाका क्षेत्रमा कार्यगर्ने सोच संस्थाले लिएको छ।** यो अवधिमा कार्यक्रमलाई सफल बनाउनका लागि दातृ निकाय, अमूल्य सहयोग र सुझावदिने मित्रसंस्थाहरु, सबै सरोकारवालाहरु, अनुगमन मूल्याङ्कन तथा बालबालिकाको सन्दर्भमा हाम्रा कर्मचारीहरुसँगै स्थानीय निकायसम्म पुगेर सहयोग गर्ने सबै जिल्ला बालकल्याण अधिकृतहरु, कार्यक्रममा उत्साहपूर्वक सहयोग गर्ने स्थानीय निकायका प्रमुखहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधीहरु, स्वतन्त्र तेश्रो पक्षको मूल्याङ्कनकर्तामा संस्था हार्दिक आभार व्यक्त गर्दछ।